# केदारस्युँ गाँउपालिका तेस्रो चौमासिक सार्बजनिक सुनुवाई कार्यक्रम

## प्रगतिप्रतिवेदन

आ.व. २०७८/०७९

**पेश गर्ने**

बिरेन्द्र बहादुर खड्का
जगदिश रोकाया
शैलेन्द्र रोकाया

**प्रतिवेदन पेश गरिएको निकाय**

केदारस्युँ गाँउपालिका

रायल,बझाङ

१) पृष्ठभूमि :

नेपालमा लोकतन्त्रको बहाली पश्चात आमनागरिकले गर्ने आसा र अपेक्षा अत्याधिक बुद्धी हुनुका साथै चेतनाको स्तरमा भएको बिकासका कारण सार्वजनि बस्तु सेवाप्रबाहलाई नागरिकको हित अनुकुल बनाउनु पर्ने आबश्यकता देखिन्छ ।"सार्बजनिक सुनुवाई भन्नाले स्थानीय निकाय आर्थिक प्रशासननिक यमावली, २०६४ को नियम २०१ (१) र स्थानीय निकाय सार्बजनिक सुनुवाई सम्बन्धि कार्यविधि २०६७अनुसार कुनै पनि सरकारी वा गैरसरकारी निकाय वाट प्रबाह हुने बस्तु , सेवा सुबिधाको बारेमा सेवाप्रदायक र सेवाग्राही बिच हुने दोहोरो सम्बाद, छलफल र अर्न्तक्रिया हो र सञ्चालित योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवाप्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा विश्लेषण र मूल्यांकनको कार्य वुझिन्छ । यसले कुनै पनि संस्थावा सार्वजनिक निकायको समग्र कार्य सम्पादन प्रक्रिया, नीति, उक्त निकायले सञ्चालन गरेका परियोजना वा कार्यक्रमको लक्ष्य उद्देश्य अनुरुप उचित भए नभएको नियालेर हेर्दछ र सरोकारवालालाई आफ्ना अनुभव,बुझाइ र दृष्टिकोण प्रस्तुतगर्ने अवसर दिइन्छ,जसअनुसार उनीहरुले एउटै थलोमा बसेर खुला रुपमा विश्लेषण गर्न सक्छन । यसका साथै कार्यक्रम/परियोजनाको स्थलगत निरक्षिण समेत गरी आवधिक रुपमा लेखाजोखा, विश्लेषणतथा समिक्षागर्दै पृष्ठपोषण आदान-प्रदान लगायतका प्रक्रिया समेत अवलम्बन गरिन्छ।

२) सार्बजनिक सुनुवाईको उद्देश्य

गाउँपालिकामा सार्वजनिक सुनवाईको मुख्य उद्देश्य गाउँपालिकालाई आम नागरिक बिशेश गरी महिला गरिब जोखिममा रहेका पिछडिएका एबं बन्चितमा परेका समुदाय तथा दुर्गम क्षेत्र प्रति उत्तरदायी भई उनीहरुको चासो प्रति सम्बेदनशिल र जबाफदेही बनाउनु रहेको छ ।यो प्रक्रियाका निश्चित उद्देश्यहरु निम्नाअनुसार रहेकाछन् ।

- गाउँपालिकाले संचालन गर्ने विकास योजनाहरुवाट समाजले लिनसक्ने अधिकाधिक लाभ को सुनिश्चितताको लागि सम्पादितकार्यहरु सरोकारवालावाट लेखाजोखा हुने पद्दतिको स्थापना गर्ने,
- सार्वजनिक परीक्षण(PublicAudit) प्रणालीअवलम्वनगर्न ।
- केदारस्यू गाँउपालिक द्धारा संचालित क्रियाकलापहरुको सार्बजनिक परीक्षण प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने,
- गाँउपालिकाबाट संचालित योजनाहरुको प्रभाबकारीता , गुणस्तरतको बारेमा जानकारी गराउन
- स्थानीयतहबाट संचालितबिकास कार्यक्रमउपलब्ध सेवा ,बस्तु र सुबिधाको सार्बजनिक गर्नु ।
- नागरिक बाटप्राप्त रचनात्मक सुझाबहरुलाई ग्रहण गरी जिम्मेबारीको संस्कार बसाउन ।
- नागरिकहरुलाई सुशानको प्रत्याभुति गराउन ।

- स्थानीयतहका कर्मचारी निर्बाचित प्रतिनिधिहरुलाई  नागरिक प्रतिउत्तरदायी, जिम्मेबार तथा जबाफदेही बनाउन ।
- पारदर्शी शासनव्यवस्था, उत्तरदायी प्रशासन यन्त्र,सहभागितामूलक पद्धति र निर्वाध रुपमा सूचनासम्मको पहुँच प्रत्याभूति गर्न ।
- सेवाग्राही र सेवा प्रदायक निकाय बीच जनचासो दोहोरो संवाद सुरुवातगर्न ।
- सेवाग्राही र सेवा प्रदायक निकाय बीच जनचासो अभिवृद्धि गर्न ।
- सेवाप्रदानगर्ने संस्थाले समुदायप्रतिगर्नु पर्ने जवाफदेहिता पूरा गर्न  तथा समुदायका सदस्यहरुलाई कार्यक्रम प्रतिजिम्मेवार बनाउन ।
- समुदायमा सूचनामाग गर्ने, छलफल गर्ने बानीको विकास गर्ने र सार्वजनिक निगरानी गर्ने भावनाको विकास गराउन ।

**३) सार्बजनिक सुनुवाई गरिएका बिषयबस्तुहरु**

- आ.ब. २०७९।०८०का संचालन भएका नीति तथा कार्यक्रमहरु, बजेट र प्रगति
- आ.ब.२०७९।०८० संचालन भएका  तेस्रो चौमासिकमा भएका भौतिकपूर्वाधारका क्रियाकलापहरु
- आ.ब. २०७९।०८०मा प्रवाह भएका बस्तु सेवा तथा सुबिधाहरु
- आ.ब. २०७९।०८० मा सेवाग्राहीहरुका पिरमर्का, सुझाव ,पृष्ठपोषण तथा गुनासाहरु
- बहिर्गमन अभिमत  र नागरिक प्रतिबेदनपत्र
- सामाजिक सुरक्षाकार्यक्रम बितरित भत्ताको नामनामेसी

**४) सार्बजनिक सुनुवाईक सम्बन्धी कानूनी प्रावधान**

स्थानीय निकाय सार्बजनिक सुनुवाई कार्यविधि २०६७ ले स्थानीयनिकायले सञ्चालनगर्ने कार्यक्रमतथा परियोजनाको सरोकारवालाबाट लेखाजोखा गराउन आवश्यक विधि तथा प्रक्रियाव्यवस्था गरेको छ । शुसासन संचालन तथा व्यबस्थापन ऐन २०६४ नियमावली २०६५ र स्थानीय स्वायत्तशासन ऐन २०५५ को आधारमा तयार यस कार्यविधिले स्थानीय निकायमा आन्तरिक तथा वाह्य स्रोतवाट सञ्चालनहुने सबै कार्यक्रम तथा आयोजना,निमाण व्यवसायी(ठेकेदार),उपभोक्ता समिति,गैर सरकारी संस्था,टोल विकास संस्थार सामुदायिक संस्थाहरुले समेत सार्बजनिक सुनुवाई  गराउनु पर्ने कुरा उल्लेख गरिएको

छ । **स्थानीय सरकार संचालन ऐन २०७४ , स्थानीयतहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ( परिमार्जित**) गाँउपालिकाले प्रत्येक चौमासिकमा सार्बजनिक सुनुवाई कार्यक्रम संचालन गर्नु पर्ने व्यबस्था गरेको छ । **केदारस्युँ गाउँपालिकाको सार्बजनिक सुनवाई सम्बन्धि कार्यबिधि ,२०७८** अनुरुप सार्वजनिक सुनुवाई संचालन गरिएको छ ।

**कार्यक्रम संचालित बिधि तथा प्रक्रिया**

क ) अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा भएको थियो ,

ख) कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेको ,

ग) आचारसंहिताबारे जानकारी गराएको

घ) सार्वजनिक सेवाप्रवाहबारे संक्षिप्त जानकारी दिएको

ङ) नागरिक प्रतिवेदनपत्र सम्बन्धी प्रतिवेदन प्रस्तुत भएको ,

च) बहिर्गमन अभिमत सम्बन्धी प्रतिवेदन प्रस्तुत भएको थियो ,

ङ) सहभागीहरु बाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन भएको

ज) स्थानीय तहका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पारेको

झ) स्पष्टता पछि थप जिज्ञासाको आह्वान गरेको

ञ) सम्बन्धित पदाधिकारी तथा कर्मचारी वाट थप जिज्ञासामा स्पष्टता ल्याउने प्रयास गरेको ,

ट) प्रतिबद्धता ब्यक्त सहित समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन ।

- कार्यक्रमको आचारसंहिता बारे जानकारी गराउने कार्यक्रमका सहजकर्ताले सहभागीहरुबाट तोकिएको बिषयमा लिखित एवं मौखिक प्रश्नहरु संकलन गर्ने कार्य भएको ।

- प्रश्न वा जिज्ञासाहरुको स्पष्ट जवाफ दिन प्रमुख बक्ता तथा अन्य बक्ताहरुलाई अनुरोध भएको थियो ।

- स्पष्टता पछि थप जिज्ञासाहरुको आव्हान गरी थप जिज्ञासाको जवाफ सम्बन्धित गा.पा. का अध्यक्ष तथा अन्य कर्मचारीबाट भए गरेका कमीकमजोरीहरुलाई आगामी दिनमा सुधार्ने प्रतिबद्धता गरेको

- सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका कुरालाई साराशंमा पुर्नताजकिय गरी अरु निकायले पनि सार्वजनिक सुनुवाइ गर्नु पर्ने आभ्यास गरी कार्यक्रमको समापनको लागि अध्यक्षलाई अनुरोध गरियो । आचार संहिता निर्माण तथा आम सहमति भएको थियो ।

  - सूचना संकलन र तयारी गरि सम्बन्धित सरोकारवालालाई जानकारी गराएको थियो ,

  - सार्बजनिक सुनुवाई कार्यक्रममा उपस्थित हुनुपर्ने व्यक्तिको सहभागिता सुनिश्चित गरीएको थियो

- सार्बजनिक सुनुवाइ कार्यक्रमको प्रक्रिया निर्धारण भएको थियो ।
- श्रब्य-दृश्य सामग्रीतयार भएको थियो ।
- अन्तरक्रिया र छलफलभएको थियो ।
- अभिलेखीकरण र प्रचार प्रसार गरिएको थियो ।
- गाँउपालिकाका कर्मचारीहरु संग अन्तरक्रिया ।
- अबलोकन ।
- विषयवस्तुमा केन्द्रित छलफल गर्ने ।
- निजी वा व्यक्तिगत कुरामाटिप्पणीन गर्ने र अरुलाई व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागिले व्यक्त गरेका विचारमा प्रतिवादन गर्ने, प्राप्तप्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने ।
- व्यक्तिवा संस्थाको सार्वजनिकमर्यादा र शिष्टाचार कायम राख्ने ।
- सहभागिलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने
- सहजकर्ताले बोल्ने समय दिएपछि मात्र सहभागिले आफ्ना कुरा राख्ने ।
- बोल्दा पालैपालो र एउटा व्यक्तिले एकपटकमात्र बोल्ने ।
- आफ्ना कुरा छोटकरीमा स्पष्टसँग राख्ने र बीचमा अर्काको कुरा नकाट्ने

**सार्वजनिक सुनुवाई कार्यक्रममा पास भएका आचार संहिताहरु**

- सहभागीहरुले प्रश्न वा जिज्ञासा राख्नका लागि हात उठाउनु पर्नेछ ।
- सहभागीहरुले प्रश्नवा सुझाब के राख्ने पहिले नै स्पष्ट गर्नुपर्नेछ ।
- सहजकर्ताले प्रश्नवाजिज्ञासा राख्नकालागि संकेत गरे पछि मात्र नाम सहित प्रश्न राख्नु पर्नेछ ।
- सेवाग्राहीहरु वा सहभागीहरु धेरैलाई प्रश्न गर्ने समय दिनु पर्ने भएकाले बुदागत रुपमा छोटकरीमा प्रश्न वा जिज्ञासा राख्नु पर्नेछ ।
- सहजकर्ताले प्रश्न वाजिज्ञासा राख्ने समय सकेको संकेत गरेपछि तत्काल प्रश्न सोध्ने कार्य रोक्नु पर्नेछ ।
- आफु भन्दापहिलेका प्रश्नकर्ताले राखेका प्रश्ननदोहोर्याइ राख्नु पर्नेछ ।

- चित्त नबुझेमा सहजकर्ता बाट थप समयको अनुमतिलिएर प्रश्न राख्नु पर्नेछ ।
- प्रश्नहरु राख्दा कसैलाई लाञ्छना बा पूवाग्रही र असलिल शब्दहरु प्रयोग गर्न पाइने छैन
- कसैबाठ सुनुवाईलाई बिथोल्ने प्रयास गरेमा सबै सहभागि मिलेर सालिन्तापूर्वक समाधान गर्न पहल गर्नु सबैको कर्तब्य हुनेछ ।
- सुनुवाईलाई बिषयान्तर हुनबाट रोक्न सबै सहभागिहरु सचेत हुनु पर्ने छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालन मिति**

मिति २०८०।०३।३०। गते

कार्यक्रम संचालन गरिएको अबधि : ११बजे देखी २ बजे सम्म

अध्यक्षता ग्रहण : गणेश बोहरा

स्थान : केदारस्युँ गाउँपालिकाको हल

संयोजक : बिरेन्द्र बहादुर खड्का

कार्यक्रम संचालन : जगदिश रोकाया र

कार्यक्रम माथि प्रकाश ,नागरिक प्रतिवेदन पत्र र बर्हिगमन अभिमत पत्र प्रस्तुत : शैलेन्द्र रोकाया

**५. सार्बजनिक सुनवाईमा प्रयोग भएका बिधि तथा प्रक्रिया**

**बिधि**

- प्रश्नाबली
- अबलोकन
- सामुहिक सहभागितामुलक छलफल
- अन्तरर्वाता
- FGD
- आम भेला कार्यक्रम दोहोरो पश्न उत्तर
- वर्हिगमन अभिमत पत्र र नागरिक प्रतिवेदन पत्र

**प्रक्रिया**

- सार्बजनिक सुनुवाईको तयारी
- सार्बजनिक सुनुवाईको बारेमा सेवाप्रदायकलाई जानकारी तथा पत्राचार
- सुचना संकलन

- गाँउपालिकाको अबलोकन
- सेवाग्राही संग छलफल भेटघाट
- सेवाप्रदायक निकाय संग अर्न्तवार्ता
- टोल समुदाय तहमा सूचना संकलन
- बिषय केन्द्रितछलफल
- गाँउपालिकाको प्रबाह गर्ने सेवाको बारेमा सेवाप्रदाय निकाय बाट प्रस्तुतिकरण
- संयोजक मार्फत बर्हिगमन अभिमत पत्र तथा नागरिक प्रतिबेदनपत्रको नतिजा प्रस्तुत
- आमभेला तथा बृहत छलफल कार्यक्रम संचालन तथा छलफल
- कार्यक्रम समापन

**६ सम्पन्न गरिएका मुख्य मुख्य क्रियाकलापहरु**

- तेस्रो चौमासिकको सामाजिक सुरक्षाभत्ता बितरण
- भौतिकपूर्वाधारका योजनाहरु संचालन तथा सम्पन्न
- गरिव बिपन्न समुदायको क्षमता बिकास
- सहभागितामुलक योजना तर्जुमा सम्पन्न
- नियमिति अनुगमन
- आबश्यक ऐन नियमनिर्माण तथा सम्पन्न
- २ पटक गाउँसभा संचालन
- कर्मचारी तथा जनप्रतिनिधिको क्षमता बिकास
- समानिकरणतर्फको बजेट बाँडफाड भएको
- राजश्वबाँडफाँड रकम बिनियोजन भएको ।

सेवाप्रवाहको वस्तुस्थिति, भएकाउपलब्धि र देखिएका समस्याएवं चुनौतीबारे प्रतिवेदन प्रस्तुतिगरिएको थियो । आर्थिक वर्ष २०७९/८० को तेस्रो चौमासिक र चालु आर्थिक वर्षको सोही अवधिमा भएको सेवाप्रवाहएवं वस्तुस्थितिको तुलनात्मक समीक्षा समेत गरिएको छ । प्रमुख प्रशासकिय अधिकृत मार्फत प्रतिवेदनको प्रस्तुत पश्चात कार्यक्रमका सहभागीहरुले आ-आफ्नो धारणा र सुझाव राखेका थिए ।

**सबल पक्षहरु**

- गत आ.व. को आन्तरीक लेखापरिक्षण र वाह्य लेखा परिक्षण संचालन भएको छ ।
- सुचना, तथ्याङ्कपारदर्शी र प्रभावकारी रहेको

- समयमा सामाजिक सुरक्षा भत्ता निकासा तथा बितरण भएको ।
- बिपन्नवर्गको तथ्यांक संकलन गरी प्रसोधन गरेको
- सहभागितामुलक योजना तर्जुमा प्रक्रियाका ७ चरण पुरा गरी निर्धारित समयमा गाँउ सभा सम्पन्न गरेको ।
- स्थानीयतहमा संचालित अर्न्तराष्ट्रिय तथा राष्ट्रिय गैससहरु संग समन्वय र सहकार्य गरी कार्य संचालन भईरहेको ।
- गाँउपालिकाबाट संचालित भौतिकपूर्वाधारका योजनाहरुको सार्वजनिक परिक्षण गरी अन्तिम किस्ताको रकम भुक्तानि गर्ने गरेको ।
- गाउँपालिकाले बार्षिक समिक्षा सम्पन्न भएको ।
- पूर्ण खोपयुक्त गाउँपालिका घोषणा भएको
- ५ वटाक्षेत्रगत बजेट बजेट विनियोजन गरी कार्यान्वयन गरिएको
- कार्यक्रमको दोहोरोपन हटाउन सरोकारवालाबीच समन्वय गरिएको ।
- उपभोक्ता समितिमा महिला, जनजाती, आदिवासी, अपांग र पिछडिएको वर्गको सहभागिता गराइएको
- सबै योजना र कार्यक्रमहरुमायोजना रातो किताबको व्यवस्था गरी प्रकाशन गरिएको
- सुशासन, पारदर्शीता र जवाफदेहिताका औजारहरु प्रयोगमाल याइएका ।
- सुचना अधिकारीको व्यवस्था गरिएको
- संचालित योजनाहरुको संयुक्त अनुगमन गर्ने गरेको
- जवाफदेहिताका औजारहरु प्रयोगमा ल्याइएका
- स्थानीय सरकारले ऐन तथा अन्य ऐन ,नियम ,कानून र कार्यबिधि तयार गरी लागू भइरहेको
- बर्षिक सामाजिक परीक्षणलाई संचालन भएको

सुधार गर्नु पर्ने पक्ष

- गाँउपालिकाको आबधिक बिकास योजना तयार नगरेको ।
- गाँउपालिका स्तरीय सडक गुरु योजना तयार भएको
- Help desk को ब्यबस्थान भएको ।
- बिर्षिक नीति तथा कार्यक्रमलाई बाार्षिक कार्ययोजनाको रुपमा ग्रहण गर्नु ।
- नागरिक बडापत्र अध्यावधिक नभएको स्पष्ट नदेखिने ।
- सुचनापाटी कोठामा टाँस भएको सूचनाहरु भित्तामाटाँस गर्ने गरेको ।

- सुझाव पेटीका ब्यबस्थित नभएको ।
- गुनासो ब्यबस्थापन प्रणाली प्रभावकारी नभएको
- भौतिकपूर्वाधारका योजनाहरु निर्माणगर्दा वातावरणिय पक्षलाई ध्यानदिनु पर्ने
- सार्वजनिक सुनुवाई संचालनगर्दा कार्यबिधिअनुरुप संचालन गर्नु पर्ने ।
- सार्वजनिक परिक्षणगर्दा कार्यबिधिअनुरुप गर्नु पर्ने ।
- संचालित योजनाहरुको प्रभावकारी निरन्तर अनुगमन हुनु पर्ने ।
- अनुगमन समितिबाट दिएको प्रतिबेदन कार्यपालिकाको बैठकामा छलफल गरी दिएका सुझवहरु कार्यान्वयन गर्नु पर्ने ।
- मौखिक रुपमा आएका गुनासो लिखित रुपमादत्ता गर्नु पर्ने।
- गाँउपालिकाले ५ लाख भन्दाबढीका आयोजनाहरुको नाम, लागतअनुमान, सम्झौता मिति सम्पन्नहुने मिति लाभान्वित जनसंख्या योजना स्थलमा सर्वसाधारणले देख्ने गरी राख्नु पर्ने
- लैससास अडिट संचालन गर्नु पर्ने ।

**गर्नैपर्ने सुधार :**

१) समयमै सार्बजनिक सुनुवाईको समयतालिका निर्धारण र जिम्मेवारी बाँडफाँड गर्नु पर्ने ।

२) बन बाताबरणतथा संस्थागत शुसासन क्षेत्रमा बजेट तथा कार्यक्रम बुद्धी गर्नु पर्ने ।

३) गरिबीलाई न्यूनिकरण गरी प्रत्यक्षबिपन्न समुदायलाई फाईदा हुने खालका योजनाबिनियोजन गर्नु पर्ने

४) अनुगमन समिति लाई प्रभावकारी गराउनु पर्ने र अनुगमन को प्रतिबिदन कार्यपालिकामा छलफल गर्नु पर्ने ।

५) जबाफदेहीताका सबै औजारहरु प्रयोग गर्नु पर्ने ।

६) बिपद् ब्यबस्थापन कोषमा बजेट बृद्धि गर्ने पर्ने ।

७) गाँउपालिकाको पाश्वचित्र (RM profile) तयार गर्नु पर्ने ।

८) मध्यकालिन खर्च संरचनातयार गरी लागू गर्नु पर्ने ।

९) गाउँपालिकाको आबधिक योजना तयार गर्नु पर्ने ।

१०) बन बातावरण तथा बिपद् ब्यबस्थापन र संस्थागत सुशासन क्षेत्रमा बजेट बिनियोजन गर्नु पर्ने ।

११) प्रत्येक वडामा टोलबिकास संस्थागठन गरी आबश्यक परिचालन गर्नु पर्ने ।

उठेका प्रश्न/जिज्ञासा र उत्तर :

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफदिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | गगन भण्डारी केदारस्युँ ४ | रायल प्राथमिक स्वास्थ्य केन्द्रमा डा. बिगत ३ महिना बिहिन किन भयो ? | गणेश वोहरा गा.पा. अध्यक्ष | मिति २०७९ साल आसार २७ गते बिज्ञापन भएको छ र सवै प्रक्रिया अगाढी बढेको छ श्रावण महिना भित्र एमबिबिस डाक्टरमार्फत यस प्राथमिक स्वास्थ्य केन्द्र मार्फत सेवा प्रवाह हुने छ । |
| २ | मोहन रावल केदारस्युँ २ | पालिकाको रातो किताव मा पास भएका योजनाहरु भन्दा बाहिर गएर किन योजना छनोट गर्नु भयो ? | गणेश वोहरा गा.पा. अध्यक्ष | वडा नं २ का वडा अध्यक्षको अनुरोधमा कार्यपालिको बैठक बाट पास भएर हिउदे अधिवेशन वाट अनुमोदन भएको हो । |
| ३ | मोहन रावल केदारस्युँ २ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा जनप्रतिनिधिका कार्यकर्ता मात्र किन | रोजगार संयोजक | छनोट गर्ने प्रक्रिया छ वडा बाट सिफारिस भएर आयका नामहरु सिष्टमले छनोट भएका हुन । |

| | | | | |
|---|---|---|---|---|
| | | पर्छन ? | | |
| ४ | मोहन रावल केदारस्युँ २ | वडा नं २ को व्यवस्थापन खर्च कहाँ र कसरी खर्च भयो ? | वडा नं २ अध्यक्ष | वडा नं २ को व्यवस्थापन खर्च पूर्व अध्यक्षले खर्च गर्नु भएको हो मलाई थाहा छैन् मेरो कार्यकालमा त्यस्तो हुदैन । |
| ५ | पदम प्रसाद भट्ट वडा नं १ | वडा नं. १ को पाईप खरिदको ९ लाख रकमको वारेमा स्पष्ट भएन ? | ललित मल्ल इन्जिनियर | पाईप खरिदको लागि ३ पटक स्टमेट भएको छ बजेट अभावले पटक पटक वजेट थप गर्नु वाध्यता भयो र अहिले सम्पन्न भएर पानी सुचारु भएको छ । |
| ६ | गणेश भण्डारी वडा नं १ | आव २०७८।०७९ को वजेटमा नयाँ वगर तटबन्धन रातो किताबमा छ तर किन २ वटा शिर्षकमा छुट्याएको ? | ललित मल्ल इन्जिनियर | रातो किताबमा २ वटा शिर्षक भएको एउटै हो । यो योजना प्रदेश सरकार मार्फत संचालन भएकोले अनुगमन र भुक्तानी प्रदेश सरकार मार्फत भएको छ । |
| ६ | अम्मरा विक वडा नं ६ | दलित समुदायमा बस्ने घर र खानीपानी छैन् हामीहरुले कहिले सम्म यो समस्या | जुनदेवी ओखेडा कार्यपालिका सदस्य | दलितहरुका समस्याहरु छन् यस चालु आ.व.मा १० लाख सीप बिकास तालिम संचालन गर्न बजेट विनियोजन भएको छ । खानेपानीको समस्या |

| | | | | |
|---|---|---|---|---|
| | | भोग्ने ? | | हामी सवै दलित जनप्रतिनिधिहरुको चासो र सरोकारको बिषय भएको छ यसलाई २ वर्ष भित्र समाधान गर्ने छु । |
| ७ | मिन ब. बोहरा अपांग संजाल अध्यक्ष | अपाङ्गता भएका व्यक्तिहरुका लागि कति वजेट र कार्यक्रम बिननियोजन गर्नु भएको छ । | गणेश बोहरा गा.पा. अध्यक्ष | अपाङ्गता भएका व्यक्तिहरुका लागि समान वजेट र कार्यक्रम बिनियोजन भएको छ । करिव १० लाख बजेट बिनियोजन भएको छ । |
| ८ | चन्द्र ओखेडा वडा नं ३ | भामचौर को बिद्यालयमा आज सम्म बिध्यार्थीहरु वाहिर वसेर पठन पाठन भएको छ कहिले सम्म निर्माणको काम सम्पन्न हुन्छ ? | गणेश बोहरा गा.पा. अध्यक्ष | डोजरको प्रयोग गरेर वाटो क्लियर हुदैछ बिद्यालय ढलान गरेर सम्पन्न भएको श्रावण महिना भित्र सम्पूर्ण काम सम्पन्न हुनेछ । |
| ९ | गोदावरी नाथ वडा नं. ३ | दलित महिला र पछाडी परेको वर्ग र समुदायलाई आर्यआर्जनका कार्यक्रम न्यून किन भए । | गणेश बोहरा गा.पा. अध्यक्ष | गत वर्ष कमीकमजोरी भएक होलान् आगामी वर्षमा महिला उध्यमशिलता कार्यक्रम संचालन गर्न वजेट बिनियोजन भएको छ । |

| | | | | |
|---|---|---|---|---|
| १० | डम्वर सार्की वडा नं ३ | शैक्षिक स्तर सुधारका लागि पालिकाको योजना के छ ? | शिक्षा संयोजक | प्र.अ. बैठक आयोजना गरेर सरोकारवाला सवै संग छलफल गरी योजना तयार हुने छ । |
| ११ | जोगी जोशी वडा नं ८ | वडा नं ८ पहिरोबाट उच्च जोखिममा रहेको छ ब्यपस्थापनको लागि पालिकाको योजना के छ ? | गणेश वोहरा गा.पा अध्यक्ष | वडाका घरवार विहिन २९ घरवार विहिनलाई एकिकृत वस्तीका लागि जग्गा भेटिएको छैन् पालिकाले जग्गाको लागि पहल गरिरहेको छ । लोतुमा सबै परिवारलाई स्थानान्तरण गर्ने योजनामा छौं । |
| १२ | रण व. धामी वडा नं ८ | कैलास माविमा ज्यामी र श्रमिकले ज्याला अहिले सम्म किन उपलब्ध गराउनु भएन ? | गणेश वोहरा गा.पा अध्यक्ष | गाउँपालिक बाट रकम भुक्तानी भएको छ ठेकेदार सम्पर्कमा नआएकोले पालिकले पत्राचार गरेको छ तुरुन्त ज्याला उपलब्ध गराउने छु । |
| १३ | कृष्ण गुंधामी वडा नं. ५ | | | |
| १४ | नर ब. बोहरा वडा नं ६ | वखेत वागथला सडक खण्डको वजेट किन फिज गएको हो ? | अध्यक्ष गणेश बोहरा | विवादका कारण केही समस्या भएको हो ३० लाख बजेट बहुवर्ष हो । उपभोक्ता समति असारमा गठन भएकाले ढिला भएको हो । |

सेवाग्राहि मार्फत आएका सुझावहरु

- गाउँपालिकका योजनाहरुको प्रभावकारी  अनुगमन नभएकोले अनुगमन समिति सक्रिय हुनु पर्ने
- वडा नं. २ मा वडा सचिव निरन्तर कार्यालयमा बस्नु पर्ने ।
- अपांग भएका ब्यक्तिहरुको परिचय पत्र समयमा वितरण गर्नु पर्ने ।
- खेताला शिक्षक राख्ने परिपाटिको अन्त्य गर्नु पर्ने ।
- प्रगतिशि गैसस मार्फत संचालन परियोजना वडा नं ९ मा लागू हुनु पर्ने ।
- प्रत्येक वडामा इन्टरनेटको व्यवस्था गरिनु पर्ने ।
- महिला तथा विपन्न नागरिकहरुलाई सीपमूलक कार्यक्रम संचालन गरी आत्मनिर्भर बनाउनु पर्ने
- दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्न योजना तयार गरि लागू गर्नु पर्ने ।

चुनौतीहरु :

सार्बजनिक सुनुवाई को सुचना संकलनगर्दा चुनौतीएवं समस्याहरुको सामना गर्नुपरेको छ ,छोटो समय, मौसमी प्रतिकुलता र यातायातको असुविधाले प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न कठिनाई भयो । सञ्चार (टेलिफोन)को असुविधा र कृषकहरुको खेतीपाती लगाउने समयभएकाले पनि सार्बजनिक सनुवाई कार्यक्रमको आयोजना तथा समन्वय गर्नमा समेत समस्या भोग्नुपरेको थियो ।

प्रभाव

- गाँउपालिका स्तरमा सडक संजालबिस्तार भएकोले यातायात तथा दैनिक उपभोग्य सामानहरु सुपथ रुपमा पाएको
- सामाजिक सुरक्षा भत्ताको रकमले जेष्ठ नागरिक तथा एकल महिला र दलितका बालबालिकालाई जीवन निर्बाहमा सहज भएको।
- गाँउपालिकामार्फत संचालनहुने योजनाहरुमा नागरिकहरुले कामको ज्यालाबाट जीवननिर्बाहमा सहजता आएको ।
- संचालित तालिम बाट माग तथा अधिकारको सचेतनाको बिकास भएको ।
- सडक बिस्तार गर्दा  बन तथावाताबरण बिनास भएको र सडकमा क्षती पुगेको  ।
- आधुनिक औजारहरुको प्रयोगले दैनिकज्यालादारी गर्ने नागरिकले काम कम पाएको ।
- बिकास निर्माणकाकार्य गर्दा बाढीपहिरोले बन जंगलबिनास भई खेती योग्य जमिनमा क्षति पुगेको बस्तिहरु जोखिममा परेको ।

बिरेन्द्र बहादुर खड्का

संयोजक

अनुसुची १

गाँउपालीकामा सेवा लिन आएका ५० जना प्रतिनिधि मुलक सेवाग्राहीहरुबाट लिईएको बहिर्गमन अभिमत (Exit poll) बिबरण

जम्मा : ५० जना

| क्र.स. | सेवाको नाम | मूल्यांकन | | |
|---|---|---|---|---|
| | | अति स्पष्ट | ठिकै | अस्पष्ट |
| १ | सेवा लिदा कोसँग सम्पर्क गर्ने भन्नेमा स्पष्ट जानकारी भयो ? | २५ | २० | ५ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ? | २० | १७ | १३ |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | ३५ | ११ | ४ |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सुचनाहरु (प्रमाण, कागजात) र शुल्क, दस्तुर बारे तपाईलाई सेवा प्रदायक कर्मचारीले स्पष्ट गरेकी ? | २२ | १८ | १० |
| ५ | तपाईले राख्नु भएका समस्याहरुलाई के कस्तो समाधान दिए ? | २८ | १५ | ७ |
| ६ | सेवा प्राप्त गर्न अपनाईएका प्रकृया के कस्तो लाग्यो | ३६ | ८ | ६ |

**केदारस्यु गाउँपालिकाका नागरिक प्रतिवेदन पत्र (citizen Report Card) को नतिजा**
**जम्मा : ५० जना**

**१ सेवाको सन्तुष्टि**

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट (२३.८0%) ठीक(६९.०४ % ) असन्तुष्ट (७.१४ % )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (२६.१९ % ) ठीकै (७३.८१ % ) असन्तुष्ट

**२. सेवाको नियमितता**

२.१ कार्यालय नियमित रुपमा (पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) संञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (२८.५७ % ) ठीकै (७१.४३ % ) अविश्वस्त

२.२ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? तिरेको छैन (६४.२८ % ) एकदमै कम ( ३५.७१ % ) धेरै तिरेको

२.३ गाउँपालिकाले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ? १ दिन (२८.५७ % ) २ दिन ( ४२.८६ % ) धेरै दिन (२८.५७ % )

**३. सेवा प्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (२३.८० % ) ठीकै (७३.१९ % ) अविश्वस्त (२.३८ % )

३.२ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ? धेरै(२३.८० % ) ठीकै( ७६.१९ % ) विश्वास छनै

३.३ यस कायालर्यले विपन्न वर्गर्को लागि छटुयाएको सेवा तथा वजेट प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (३५.७१ % ) छैन (५४.७६ % ) अलिअलि थाहा छ (९.५२ % )

**४. सेवाको गुणस्तर**

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयलेदिएकोजानकारीबाट कत्तिकोसन्तुष्ट हुनुहन्छ ?

सन्तुष्ट ( ५९.५२ % ) कम सन्तुष्ट (३५.७१ % ) असन्तुष्ट (४.७६ % )

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो? आफै (६९.०४ % ) गाउँका ठूलाबडाको (३०.९५ % ) मध्यस्थकर्ता ( )

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो?

१ पटक ( ५० % ) २ पटक (२६.१९ % ) सो भन्दा वढी ( २३.८१ % )

**५. सेवा सम्बन्धी जानकारी**

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो (२३.८१ % ) ठीकै (७६.१९ % ) नराम्रो ( )

५.२ कार्यालयमा भएको नागरिक बडापत्र र गुनासो पेटिका बारे तपाईलाइ जानकारी छ ?

छ ( ४०.४८ % ) आंशिक जानकारी छ (४०.४८ % ) कुनै जानकारी छैन (१९ % )

५.३ पालिका तहमा सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्तकृत वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?

२० प्रतिशत जति ( ६४.२९ % ) ५० प्रतिशत भन्दा माथि (३०.९५ % ) थाहा छैन (४.७६ % )

५.४ सभाबाट कानून बनाउँदा र कार्यपालिकामा नीति, नियम र निर्देशिका तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व भएको छ ? छ ( ४७.६२ % ) ठीकै छ (४७.६२ % ) प्रतिनिधित्व सारै कम छ ( ४.७६ % )

**६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

धेरै (२३.८१ % ) कम (७६.१९ % ) गरेको छैन ( )

६.२ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ ( २३.८१ % ) ठीकै भएको छ (५९.५२ % ) भएकै छनै (१६.६७ % )

**प्रश्नावली भाग**

**१. सिफारिस सम्बन्धी**

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो?

पाएँ ( ५० % ) ठीकै पाएँ (४७.६२ % ) स्पष्ट पाइँन (२.३८ % )

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो ?

दिएँ ( ७.१४ ) थोरै दिएँ ( ४.७६) मागिएन र दिइएन पनि (८८.०९ % )

१.३ राजस्व, शुल्क, सेवादस्तुर को-कससँग उठाउने गदर्छन् ?

सबैसँग उठाउँछन् (७३.८१ % )सीमित व्यक्तिसँग मात्र उठाउँछन्( )आयको आधारमा(४.७६ % )उठाउँछन् (२१.४३ % )

**२. पूर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी**

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ?

राम्रो (३५.७१ % ) ठीकै (६४.२९ % ) खराब ( )

२.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ?

तुरुन्तैहुन्छ (३३.३३ % ) पटक पटक भनेपछि मात्रैहुन्छ (६१.९४ % ) जति भनेपनि हुन्न (४.७६ % )

२.३ तपाईको विचारमा पालिकाले पूर्वाधार सम्बन्धी कायर्क्रम के कस्तो किसिमले गर्छ?

नियमित र राम्रोसँग (३५.७१ % ) ठीकै गर्छ (५९.५२ % ) नियमित रुपमा गर्दैन (४.७७ % )

२.४ तपाईको पालिकामा विकास निर्माणको स्थिति कस्तो छ?

राम्रो (३५.७१ % ) ठीकै (७१.४२ % ) खराब ( )

२.५ तपाईको पालिकामा संचालन गरेका आयोजनाहरु कत्तिका प्रभावकारी छन् ?

प्रभावकारी छन् (३८.०९ % ) ठीक छन् (५९.५२ % ) प्रभावकारी छैनन् (२.३८ % )

२.६ स्थानीय सरकारमा आयोजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ? सहज (४०.४८ % ) असहज (१६.६७ % ) ठीकै (४०.४८ % ) अप्ठ्यारो (२.३७ % )

२.७ आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ? पर्दैन ( ५९.५२ % ) मागेरै लिन्छन् (३०.९५ % ) रकम नदिए अप्ठ्यारो पार्छन् (९.५२ % )

२.८ आयोजना सञ्चालन गर्दा पालिकावाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो? सजिलै पाइयो ( ४२.८६ % ) कहिलेकाँही पाइयो (५७.१४ % ) माग गर्दा पनि पाइएन ( )

२.९ गाउँपालिकामा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ? सजिलै पाइन्छ (१९.०५ % ) सोधेपछि पाइन्छ (७८.५७ % ) सोधेपनि पाइदैन (२.३८ % )

२.१० पालिकावाट आचार संहिता पालना भएको छ ?

पालना भएको छ (३३.३३ % ) ठीकै पालना भएको छ (५९.५२ % ) कत्ति पनि पालना भएको छैन ( ७.१४)

२.११ आयोजना सञ्चालन गर्दा गाउँपालिका।नगरपालिकावाट कत्तिको सहयोग पाउनु भएको छ?

धेरै सहयोग पाएको छु (३०.९५ % ) ठीकै सहयोग पाएको छु (६९.०५ % ) निरुत्साहित गरिन्छ ( )

**३. पालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन,**

३.१ आर्थिक श्रोत कस्तो छ ? आवश्यक श्रोत उपलब्ध (४७.६२ % ) कम श्रोत उपलब्ध(४५.२४ % ) अति कम श्रोत उपलब्ध (७.१४ % )

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल (१९.०५ % ) ठीकै (७६.१९ % ) जटिल ( ४.७६ % )

३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालनमा सीप कस्तो छ ?

आवश्यक सीप छ (४०.४८ % ) आवश्यकता भन्दा कम छ (४७.६२ % )सीप निकै कम छ (११.९० % )

३.४ पालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

टाँसेको देखेको छु (२३.८१ % ) कहिलेकाही टाँसेको देखिन्छ (४६.६२ % ) खै कतै देखिएन (२८.५७ % )

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ (३५.७१ % ) ठीकै मूल्याङ्कन हुने गरेको छ (५२.३८ % ) कहिले पनि भएको थाहा छैन (११.९० % )

३.६ कार्य सञ्चालन संरचना प्रति कत्तिकोसन्तुष्ट हनु ुहन्छ ? सन्तुष्ट (११.९० % ) ठीकै (७१.४३ % ) कुनै जानकारी छैन (१६.६७ % )

**४. पारदर्शिता सम्वन्धी,**

४.१ यस पालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ?

धरैजानकारी पाएकोछु (३५.७१ % ) ठीकैजानकारी पाएकोछु(४०.४८ % ) कम जानकारी पाएकोछु( २३.८१ %)

४.२ पालिकालेनिर्माण गरके ा ऐन, नियम, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हनु े गर्दछ ?

हुने गरेको छ (४०.४८ % ) हनु े गरेकोछैन (३५.७१ % ) जानकारी नै छैन ( २३.८१ %)

४.३ सार्वजनिक हुनेमाध्यम केके हनु ?

वेवसाइट (२३.८१ % ) सूचना पाटी ( ० ) पत्रपत्रिका र मिडिया (३५.७१ % ) सार्वजनिक सुनुवाई ( ४०.४८ % )

४.४ पालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ?

सहजै पाए (४०.४८ % ) धेरै पटक भनेपछि पाए (५२.३८ % ) पाइन ( ० ) वास्ता नै गरिएन (७१.१४ % )

**५. अन्य**

५.१ सेवा प्रवाहमा घुम्ति सेवाको प्रयोग भएको छ ?

हुने गरेकोछु ( ४५.२४ % ) कलिहलेकाही हुने गरेकोछु( ३५.७१ % ) कहिल्यैभएको छनै ( १९.०५ % )

५.२ उजुरी फर्च्यौटको अवस्था कस्तो छ ?


२०% (६१.९० % ) ५०% ( ३५.७१ % ) ७०% भन्दा माथी ( २.३८ % )

५.३ सबै वडामा मेलमिलाप केन्द्रको गठन भएको थाहा पाउनु भएको छ ?

सबै वडामा गठन भएको छ(४०.४८ % )केहि वडामा मात्रै गठन भएको छ (४७.६२ % ) गठन भएको छैन ( ११.९४ % )

५.४ सबै वडामा टोल विकास संस्थाको गठन भएको थाहा पाउनु भएको छ ?

सबै वडामा गठन भएको छ (४०.४८ % ) केहि वडामा मात्रै गठन (४७.६२ % ) गठन भएको छैन( ११.९४ % )



प्रतिबेदक

बिरेन्द्र बहादुर खड्का

सहजकर्ता